239

# राष्ट्रिय सूचना आयोग
## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त यशोदादेवी तिम्सिना
## आदेश

मु.नं. १४४/२०७१/०७२

जिल्ला पर्सा गा.वि.स.गम्हरीया वडा नं. ५ स्थायी घर भएको वर्ष २१ को लक्ष्मणप्रसाद सर्राफ ........१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला कृषि विकास कार्यालय, वीरगञ्ज, पर्सा ........................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला कृषि विकास कार्यालय, वीरगञ्ज, पर्सा ........................................१

जिल्ला पर्सा गा.वि.स.गम्हरीया वडा नं. ५ स्थायी घर भएका लक्ष्मणप्रसाद सर्राफले जिल्ला कृषि विकास कार्यालय, वीरगञ्ज, पर्साले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२९ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०४ को आदेश बमोजिम पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराई आदेश कार्यान्वयन गर्न लेखी पठाएकोमा जिल्ला कृषि विकास कार्यालय, वीरगञ्ज, पर्साको मिति २०७१।९।२८, च.नं.६१५ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको व्यहोरा उल्लेख गरी पुनरावेदकले सूचना बुझी लिएको भरपाई संलगन राखी आयोगमा पठाएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन। प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू। यसको जानकारी पुनरावेदकलाई दिनू।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम्।